" कृषि, शिक्षा,स्वास्थ्य,पर्यटन र संचार,समुन्नत,तिलागुफाको लागी सवल स्थानिय सरकार"

# तिलागुफा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

गाल्जे, कालीकोट

कर्णाली प्रदेश,नेपाल

पत्र संख्या : २०७९/०८०

चलानी नं. :

मिति :- २०७९/०६/२६ गते

## शोक वक्तव्य

मिति २०७९असोज १९ गते देखि निरन्तर अविरल बर्षाका कारणले तिलागुफा नगरपालिकामा आएको बाढी पहिरोले गर्दा ठुलो मानवीय क्षतिका साथै जनताको धनजनको क्षती भएको छ। हाल सम्म यस नगरपालिकामा वडा नं. ४ का निर्वाचित वडा अध्यक्ष श्री पर ब.शाही सहित १६ जना बेपता भएको र ४ जना घाईते , ४ जनाको मृत्यु भएको छ साथै २७० घरधुरी बिस्थापित भएका छन्। प्राकृतिक बिपत्तिले निम्त्याएको यस दुखद घटनामा हामी मृर्तक आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जलि व्यक्त गर्दछौ साथै सम्पुर्ण घाइते तथा वेपत्ता परिवार हरुमा धैर्य धारण गर्ने शक्ती मिलोस भनि कामना गर्दछौ । प्राकृतिक विपतको यस जोखिमपुर्ण अवस्थामा सम्पुर्ण नगरबासीहरुलाई सचेत र सुरक्षित रहन अनुरोध गर्दछौ ।

हामी यस घटना लगतै निरन्तर उद्दार तथा राहात कार्यमा छौ तथापी प्रतिकुल मौषम,सडक तथा पुर्वाधार,बत्ती तथा संचारको अवरोधले हाल सम्म उल्लेख्य उपलब्धि हुन सकिरहेको छैन । यस दुखद तथा बिषम परिस्थितीमा राहात तथा उद्दार कार्यमा सहयोग गर्ने जिल्ला तथा प्रदेश सरकार,शुरक्षा निकाय, राजनैतिक दलका नेता तथा कार्यकर्ता, गैरसरकारी संस्था,पत्रकार तथा आम नागरीकहरु प्रति धन्यवाद ब्यक्त गर्दछौ ।

यस परिस्थितीमा तत्कालनै राहत र उद्दार संगै जोखिममा रहेका घरहरुको पुर्नस्थापना तथा भोकमरीको चुनौती लाई स्थानिय सरकारले समाधान गर्नु पर्ने हुदा संघ,प्रदेश सरकार,जिल्ला तथा बिकासी साझेदार, संघ संस्थाहरुलाइ यस कार्यमा सहयोग गर्न आब्हान गर्दछौ ।

..............................
महेन्द्र बहादुर शाही
नगर उप प्रमुख

..............................
शंकर प्रसाद उपाध्याय
नगर प्रमुख

Website: www.tilagufamun.gov.np email id: tilagufamun@gmail.com Cellno. 9858320054